जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २२९ २०७८ साल बैशाख २ गते बिहीबार (15 Apr. 2021 Thursday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नागरिकको जीवन रक्षा ... ३ पृष्ठमा : वैशाख ११ गते धरहरा ... ३ पृष्ठमा : अफगानिस्तानबाट सबै ...

# नयाँ वर्षको अवसरमा लाग्ने दुई मेला प्रशासनको निर्देशनपछि स्थगित



**दैनिक समाचारदाता**
**राजविराज, १ बैशाख ।**

नयाँ वर्षको अवसरमा सप्तरीमा लाग्ने दुई ऐतिहासिक मेला कोरोना माहामारीलाई ध्यानमा राख्दै प्रशासनको निर्देशनपछि स्थगित भएको छ ।

जिल्लाको शम्भुनाथ र बोदेबरसाईनमा प्रत्येक वर्ष लाग्दै आएको एक महिने ऐतिहासिक मेला गत वर्ष पनि कोरोना माहामारीका कारण स्थगित भएको थियो ।

कोरोनाको जोखिम कायमै रहेको भन्दै स्थानिय प्रशासनले मेला लगाउने अनुमति नदिएपछि बैशाख १ गतेदेखी सुरु हुने भनिएको दुबै मेला स्थागित गरिएको हो ।

नव वर्षको अवसर पारेर प्रत्येक वर्ष जिल्लाको शम्भुनाथ नगरपालिकाको शम्भुनाथ मन्दिर प्राङ्गणमा एक महिने लामो मेला लाग्दै आएको थियो । यस्तै जिल्लाकै बोदेबरसाइन नगरपालिकास्थित लक्ष्मीनारायण मन्दिर (नाककट्टाधाम) प्राङ्गणमा पनि सोही दिनदेखी २० देखी ३० दिनसम्म ठूलो मेला लाग्दै आएको थियो ।

शम्भुनाथ मन्दिरका मूल पुजारी सूर्यनारायण झाले कोरोनाको जोखिमका कारण गत वर्ष पनि रोकिएको मेला यस पल्ट पनि स्थानिय प्रशासनको निर्देशनमा रोकिएको बताएका छन् ।

अघिल्लो दिन नै सुरक्षाकर्मीहरु आएर मन्दिरमा पूजापाठ बाहेक अन्य भिडभाड हुने खालका कुनै पनि गतिविधी संचालन नगर्न कडा निर्देशन दिएपछि मेलाको आयोजना नगर्ने निर्णयमा मेला समिति पुगेको उनको भनाई छ ।

यस्तै बोदेबरसाइन नगरपालिकाका प्रमुख आतेशकुमार सिंह यादवले कोरोना माहामारीका कारण मन्दिर परिसरमा भिडभाड नगर्न तथा मेलाको आयोजना नगर्न स्थानिय प्रशासनले आग्रह गरेपछि यसपल्ट पनि पूजापाठ बाहेकका सबै आयोजना रोकिएको बताए ।

कोभिड १९ संक्रमणको विद्यमान स्थितिलाई मध्यनजर गर्दै यस्तो निर्देशन जारि गरिएको तथा भिडभाड नगरि स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै सबैलाई भौतिक दुरी कायम गरि चाडपर्व मनाउन आग्रह गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

# टचाक्टरको ठक्करबाट बालकको मृत्यु


**दैनिक समाचारदाता**
**सिरहा, १ वैशाख ।**

सिरहाको लहान-ठाडी सडकखण्डमा लहान नगरपालिका-१९ मा टचाक्टरको ठक्करबाट एक बालकको मृत्यु भएको छ ।

उत्तरतर्फबाट दक्षिणतर्फ आउँदै गरेको स.१त. ६२७९ नम्बरको टचाक्टरले ठक्कर दिँदा लहान नगरपालिका-१९ निवासी अजय यादवका अढाई वर्षीय छोरा आशिक यादवको मृत्यु भएको हो ।

आफ्नै घर अगाडि खेलिरहेका बालकलाई टचाक्टरले ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते बालकलाई उपचारका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा प्राथमिक उपचारपश्चात थप उपचारका लागि विराटनगर लैजाने क्रममा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने टचाक्टर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# कोरोनाका त्रासकाबीच रमजान सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १ बैशाख ।**

इस्लाम धर्मावलम्बीहरुको पवित्र महिना रमजान नयाँ वर्षको सुरुवातसँगै बैशाख १ गते बुधबारबाट सुरु भएको छ ।

सप्तरी लगायत देशभरका मुश्लिम समुदायले बुधबार बिहानदेखी पहिलो रोजा बसेर रमजान सुरु गरेका छन् । रमजान महिनामा एक महिनासम्म अनिवार्य रुपले ब्रत बसेर पवित्र धार्मिक ग्रन्थ कुरानको पाठ गर्ने चलन रहेको मुश्लिम अगुवा हासिम अन्सारी बताउँछन् ।

रमजान महिनामा बालबालिका, बृद्ध, सुत्केरी र बिरामीलाई रोजा अनिवार्य नरहेको भन्दै अर्का स्थानिय मुस्लिम अगुवा फैयाज अन्सारीले अन्य हरेक मुश्लिम समुदायका सदस्यले रोजा बस्नै पर्ने प्रचलन रहेको बताए ।

साँझ सूर्य अस्ताएपछि सो ब्रत तोड्ने अर्थात इफतयार गर्ने र रमजानका अवसरमा नवाज पढ्नुका साथै गरिब गुरुवालाई आफ्ना सम्पत्तिको केही हिस्सा दान गर्ने परम्परा रहेको राजविराज नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष मो. अख्तरको भनाई छ ।

यद्दपी गत वर्ष झैं यसपल्ट पनि कोरोनाको जोखिम कायमै रहेकाले सामूहिक नवाजका क्रममा मस्जिदहरुमा सहभागि हुनेको संख्या निकै घटेको उनको भनाई छ ।

एक महिनासम्म रोजा बसेर महिनाको अन्तिम दिनको अघिल्लो दिन चन्द्रमा हेरेर स्थानिय इदगाहा र मस्जिदमा पुगेर सामुहिक नवाज पढेर हर्षोउल्लासका साथ ईद मनाउने चलन रहेपनि कोरोनाको जोखिमका कारण यस पल्ट पनि उक्त पर्व फितलो हुने स्थानिय मुश्लिम अगुवाहरु बताउँछन् । रमजान महिना मुश्लिम समुदायका लागि शुभलाभको महिना मानिन्छ ।



## सम्पादकीय

# कोरोनाको कहरमा घरमै चाड पर्व मनाऔं

कोरोना त्रासका कारण यस पटकको नयाँ वर्षमा घर बाहिर गएर पिकनिक एवं रमाइलो गर्नेहरुमा कमी आएको छ। कोरोनाको नयाँ रुप देखिएपछि पुनः माहामारीका त्रासका कारण नेपालीहरु घरमै बसेर परिवारका सदस्यहरुसँग नयाँ वर्ष मनाउन बाध्य छन्। विगतमा घर बाहिर गएर साथीभाई तथा इस्टमित्रसँग रमाइलो गर्ने परम्परा दुई वर्षदेखी कोरोनाका कारण स्थगित भएको छ। गत वर्ष यस समयमा कोरोना माहामारी उच्च स्तरमा रहेको थियो भने यस वर्ष माहामारी बिस्तारै फैलिदै गएको अवस्था छ।

यसरी चाडपर्वमा घरमै बसेर रमाइलो गर्न सकेमा पारिवारिक आनन्द बेग्लै हुन्छ। यद्‌पी यसपटक पनि माहामारीले यस्तो अवस्था सृजना गरेको छ। माहामारीबाट बच्ने उत्तम उपाय घरमै सीमित हुनु हो। बाहिर अन्य व्यक्तिहरुको सम्पर्कमा आइए भने माहामारी सर्ने अवस्था प्रवल हुन्छ। जसले गर्दा सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्न सकियो भने पक्कै पनि हामी माहामारीलाई हराउन सफल हुन्छौं।

तसर्थ अहिले पुनः माहामारीले आफ्नो रुप देखाउन थालेको अवस्थामा सम्पूर्ण व्यक्तिले मास्कको अनिवार्य प्रयोग तथा सामाजिक दुरी कायम र समय समयमा साबुन पानीले हात धुने बानी बसालौं वा हातमा सेनिटाइज प्रयाग गरेमा कोरोनालाई परास्त गर्न सकिन्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नागरिकको जीवन रक्षा पहिलो कर्तव्य हो : प्रम ओली

काठमाडौं, १ वैशाख (रासस)। प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको प्रमुख कर्तव्य नागरिकको जीवन रक्षा गर्नुभएको बताउनुभएको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित विशेष समारोहमा प्रधानमन्त्री ओलीले देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरूको सुख, शान्ति र समृद्धिको कामना गर्दै कोभिड-१९ को महामारीबाट सबैलाई सुरक्षित रहन आग्रह गर्नुभयो।

"नागरिकको जीवन रक्षा गर्नु सरकारको पहिलो कर्तव्य हो, सरकारका लागि जनताको जीवन पहिलो हो", प्रधानमन्त्री ओली भन्नुभयो,"जनताको जीवन बचाउन सकियो भने शिक्षालयहरू चल्ने छन्, अर्थतन्त्रभन्दा पनि जीवन पहिलो हो, उद्योग कलकारखाना चल्ने छन् तर नागरिकको जीवन रहेन भने कुनै पनि कुरा चल्न सक्दैन।" उहाँले नागरिकहरू सुरक्षित रहेमा बाँकी विषय हुँदै जाने बताउनुभयो।

प्रधानमन्त्री ओलीले नागरिक सुरक्षालाई प्राथमिक महत्वमा राखेर काम गरिरहेको र महामारीका कारण तुलनात्मक रूपमा असर परे पनि कम क्षति भएको बताउनुभयो। महामारीका बीचमा पनि कृषिलाई राम्रो र व्यापार घाटाको अन्तर कम गर्न सरकार सफल भएको उल्लेख गर्नुभयो।

"हिंसाको बाटोमा हिँडेकालाई शान्तिपूर्ण धारमा ल्याउने काम गरियो, अब हिंसा गर्ने कुनै समूह छैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अब जनतामा सार्वभौमसत्ता छ, जनता र जनताको मन र अभिमत छ, त्यो नै राजनीतिको निर्धारक तत्व हो, यस अवधिमा ठूला सफलताहरू प्राप्त गरेका छौँ।" विसं २०७७ मा देशका विभिन्न स्थानमा ठूला क्षमताका सभागृहहरू निर्माण गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीका अनुसार गतवर्ष लुम्बिनीमा पाँच हजार क्षमताको ध्यानकेन्द्र, गोदावरीमा तीन हजार क्षमताको सभाहल सम्पन्न भएको छ भने अन्य थुप्रै ठाउँमा सभागृहहरू निर्माण भइरहेको जानकारी दिनुभयो।

**जनतामा आशा जागेको छ**

प्रधानमन्त्री ओलीले सरकारले २०७७ सालमा जनतामा आशा जगाउने गरी काम गरेको बताउनुभयो। "जनताको आशा जगाउने काम हामीले गरेका छौँ, भविष्यमा आशा र विश्वास जनाउने काम लगातार गर्दै जाने छौँ ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "प्रतिदिन साढे पाँच किलोमिटर बाटो बनेको छ, एक दिनमा कम्तीमा १२ वटाका दरले आवासहरू तयार भएका छन्, विभिन्न सामाजिक सुरक्षा भत्ता पाउनेको सङ्ख्या ३० लाख ६० हजारभन्दा बढी छ।" उहाँले महिनाको रु१०० बाट शुरु भएको सामाजिक सुरक्षा भत्ता आज दिनको रु१०० मा पुगेको र आउँदो बजेटमा वृद्धि गरिने जानकारी दिनुभयो। योगदानमा आधारित सामाजिक सुरक्षा २०७५ मङ्सिर ११ गतेबाटै शुरु गरेकोसमेत उहाँले बताउनुभयो।

देशका पूर्वदेखि पश्चिमसम्म पुलहरू निर्माण भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले नाकाहरू खोल्नुका साथै मध्यपहाडी राजमार्ग तीव्रतर ढङ्गले बनिरहेको बताउनुभयो। उहाँले मदनभण्डारी राजमार्ग निर्माण तीव्र रहेको, पूर्वपश्चिम राजमार्ग चौडा बनाउने काम भइरहेको र हुलाकी राजमार्ग केही ठाउँमा मात्र निर्माण बाँकी रहेको सुनाउनुभयो।

**पुनः निर्माणमा असाधारण काम**

प्रधानमन्त्री ओलीले भूकम्पपछि बनेको पुनः निर्माण प्राधिकरणले पुनः निर्माणको कामलाई तीव्र रूपमा अगाडि बढाएको बताउनुभयो। "रानीपोखरी शिलान्यास गरिसक्यो, धरहरा यही महिनाको ११ गते लिफ्टबाट बालबालिका र ज्येष्ठ नागरिक माथि जान सक्ने र माथिबाट काठमाडौँको दृश्यवालोकन गर्न सकिने गरी निर्माण हुँदैछ", उहाँले थप्नुभयो। नयाँ हवाई मैदानको स्तरन्नोति र रात्रि सेवा सञ्चालन गरी त्रिवि विमानस्थलमा भर्न्ने बित्तिकै नयाँपनको अनुभूति दिने खालका विविध काम भइरहेको प्रधानमन्त्रीले उल्लेख गर्नुभयो।

प्रतिकूलताका बीचमा पनि थुप्रै विद्यालयहरू बनेको उल्लेख गर्दै उहाँले दरबार हाइस्कुलको नवनिर्माण भएको तथा यही ६ गते पाटन ढोकामा जापानको सहयोग उच्च माध्यामिक विद्यालय उद्घाटन गर्ने तयारी रहेको जानकारी दिनुभयो।

**मेलम्चीको पानी सपनाको गफ होइन**

प्रधानमन्त्री ओलीले मेलम्चीको पानी काठमाडौँ उपत्यकाको घरघरमा ल्याउनु सपनाको गफ मात्र नभएको बताउनुभयो। "मेलम्चीको पानी काठमाडौँमा ल्याउने विषयमा कसैले गफ भने", प्रधानमन्त्री ओलीले भन्नुभयो, "मेलम्चीको पानी ल्याउने विषय सपनाको गफ होइन, तर अहिले काठमाडौँका धाराधारामा पानी आइसकेको छ।" उहाँले देशलाई माथि उठाउन डिजिटल नेपालको अभियान शुरु गरेको र विभिन्न आयोजनाहरू सिंहदरबारबाट हेर्नसक्ने अवस्था सिर्जना भएको उल्लेख गर्नुभयो।

**सकेसम्म बन्दाबन्दी हुन्न**

प्रधानमन्त्री ओलीले कतिपय राष्ट्रहरूमा कोभिडको महामारी बढी फैलिएको हुनाले बन्दाबन्दी गरिएको भए पनि अहिलेकै अवस्थामा सरकार बन्दाबन्दी गर्ने पक्षमा नरहेको स्पष्ट पार्नुभयो। उहाँले सरकारले बन्दाबन्दी गर्ने धम्की दिएको भन्ने हल्ला मात्र बाहिर आएको उल्लेख गर्दै नेपाली जनताको सुरक्षाको लागि सरकार गम्भीर रहेको स्पष्ट पार्नुभयो। विसं २०७७ मा विश्वले पहिला कहिले पनि नदेखेको कोभिड-१९ को सामना गर्नुपरेको तर्क गर्दै उहाँले त्यसले मुलुकको समग्र सामाजिक जनजीवन, अर्थतन्त्र, शिक्षा अनेक पक्षहरूमा वर्षभर नै आक्रान्त रहनुपरेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "२०७७ सालको त्यो पीडा त्यसैरूपमा दोहोरिन नपाओस्, फैलिन र जनधनलाई क्षति नपुऱ्याइयोस् भनेर सरकारले काम गरिहेरेको छ।" उहाँले कोभिड-१९ को महामारीबाट सुरक्षित रहन सरकार र स्वास्थ्य मन्त्रालयका मापदण्ड पालना गर्न अनुरोधसमेत गर्नुभयो। विसं २०७७ कोभिडको महामारी भए पनि निरर्थक वर्ष नरहेको स्पष्ट पार्दै प्रधानमन्त्री ओलीले उपलब्धिको वर्ष रहेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले मिलिनियम च्यालेन्ज कर्पोरेशन( एमसीसी) नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र) सरकारमा हुँदा सम्झौता भएकोमा वर्तमान सरकारले संसद्मा टेबल गरेको विषयलाई गलत प्रचार गरिएको बताउनुभयो। उहाँले राष्ट्रिय एकता कायम गरी सम्पूर्ण सामर्थ्य देश विकासमा लगाउन जरुरी भएको बताउनुभयो।

**मेरो किसा कार्यक्रम बुधबारदेखि**

प्रधानमन्त्री ओलीले नयाँ वर्षमा नयाँनयाँ कामहरू थालनी गरेको उल्लेख गर्दै किसानका लागि बुधबारदेखि नै मेरो किसा कार्यक्रम शुभारम्भ हुने बताउनुभयो। उहाँले किसानले आफ्ना पूर्जा घरबाटै एपमार्फत हेर्नसक्ने र आधुनिक प्रविधिको माध्यमबाट उक्त काम गरेको जानकारी दिनुभयो। प्रधानमन्त्री ओलीले भन्नुभयो, "नयाँ उत्साह, नयाँ आत्मविश्वासका साथ नयाँ वर्षमा प्रवेश गरिरहेका छौँ, हामीले थालेका अपूरा कामलाई पूरा गर्ने र देशलाई विकासको चरणमा छौँ।"

उहाँले हुम्लाको सिमीकोटमा पनि अब सडक पुऱ्याउने, विश्वविद्यालय, अस्पताल, शिक्षालय निर्माणलाई व्यापकता दिइएको उल्लेख गर्दै नेपालमा लगानीका लागि शान्तिपूर्ण वातावरण बनेको र श्रमिक, श्रमदाता र सरकारको सहमतिमा उपयुक्त कानून निर्माण गर्ने विषय तीव्रताका साथ अघि बढेको बताउनुभयो।

**हल्लाका पछि नलाग्न आग्रह**

प्रधानमन्त्री ओलीले राष्ट्र निर्माणका काममा ढुक्क भएर लाग्न र हल्लाका पछि कोही पनि नलाग्न आग्रह गर्नुभयो। उहाँले देश र जनताको सर्वपरि हितलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभयो। प्रधानमन्त्री ओलीले भय, त्रास र सम्मानजकरूपमा बाँच्न पाउने विश्व बनाउन जरुरी रहेको उल्लेख गर्दै युवालाई स्वदेशमै रोजगारीका अवसर उपलब्ध गराउन सरकार लागि परेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले कोभिडबाट बच्न १८ लाख व्यक्तिले खोप लगाइसकेको र बाँकीलाई लगाउने चरणमा रहेको उल्लेख गर्दै रोगबाट बच्न र बचाउन सबैलाई आग्रह गर्नुभयो। उहाँले देशवासीलाई सफलता र उन्नतिको वर्ष रहोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

# विकृतिजन्य गतिविधिको अन्त्य जरूरी : मुख्यमन्त्री राउत

जनकपुरधाम, १ वैशाख (रासस)। प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतले संस्कृति, सभ्यताको रक्षा र सामाजिक रूपान्तरणको अभियानलाई गतिशील बनाउनुपर्ने खाँचो औंल्याउनुभएको छ। लोकपर्व जुडशीतलका अवसरमा जनकपुरधाम उपमहानगरपालिका वार्ड नं १७ मा सरस्वती क्रिकेट टीम र कनकपट्टी युवा क्लबद्वारा तेतरियामा बुधबार आयोजित जुडशीतल उत्सव र क्रिकेट प्रतियागिताको शुभारम्भ गर्दै मुख्यमन्त्री राउतले ज्येष्ठ नागरिकको सम्मान गर्दै विकृतिजन्य गतिविधिको अन्त्य गर्नेतर्फ सबैको अग्रसरता आवश्यक छ भन्नुभयो।

अन्योल र अराजक स्थितिलाई परास्त गर्नु आजको आवश्यकता भएको चर्चा गर्दै उहाँले उत्साह, उमङ्ग, प्रगतिका बाधकहरूलाई निरूत्साहित गरी जीवनलाई सार्थक बनाउन क्रियाशील हुनु पर्ने धारणा राख्नुभयो। नीति, योजना आयोगका उपाध्यक्ष प्राध्यापक डा भोगेन्द्र झाले नकारात्मक र असुर प्रवृतिलाई परास्त गर्दै प्राकृतिक सम्पदाको रक्षा गर्नु जरूरी छ भन्नुभयो।

मुख्यन्यायाधिवक्ता दीपेन्द्र झाले सामाजिक, आर्थिक रूपान्तरण, प्रादेशिक अधिकारको कार्यान्वयनका बाधक तत्वलाई हटाउने कार्यमा ऐक्यबद्धता आवश्यक छ भन्नुभयो। प्रदेशसभा सदस्य रामआशीष यादवले माटो र पानीबिना मानवको परिकल्पना गर्न नसकिने भएकाले प्रकृतिसँग सम्बन्धित पर्वलाई जीवन्त राख्नु अपरिहार्य भइसकेको धारणा राख्नुभयो।

सो अवसरमा मुख्यमन्त्री राउतले ज्येष्ठ नागरिक डा सोनफी यादव, जयशंकर महतो, जगदेव यादव, रामविलास साह, असर्फी साह, विन्देश्वर यादव, गङ्गा मण्डल, मुस्लिम राइन, सोनफी साह, विष्णु यादव र योगेन्द्र साहलाई सम्मान गर्नुभएको थियो। वडाध्यक्ष परमेश्वर यादवको सभापतित्वमा भएको सो समारोहमा मुख्यमन्त्री राउतलगायत ज्येष्ठ नागरिकद्वारा सहभागीहरूलाई माटो टीका लगाई शीरमा जल अर्पण गरी आशीर्वाद दिनुभएको थियो।

# वैशाख ११ गते धरहरा टावरको उद्घाटन गरिने

काठमाडौँ, १ वैशाख (रासस)।
ऐतिहासिक धरहरा टावरको पुनःनिर्माण कार्य अन्तिम चरणमा पुगेकाले यही वैशाख ११ गते उद्घाटन गरिने भएको छ। राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने गरी तयारी भएको जानकारी दिनुभयो। विसं २०७२ को विनाशकारी भूकम्पबाट धरहरालगायत ऐतिहासिक सम्पदा ध्वस्त भएका थिए।

पुनःनिर्माणका अधिकांश कार्य सम्पन्न भएसँगै प्राधिकरणले विपद् जोखिममुक्त नेपाल निर्माणको १० वर्षे महाअभियानका लागि कार्यक्रम तयार गर्ने भएको छ। प्रधानमन्त्री एवं प्राधिकरणको निर्देशक समितिका अध्यक्ष ओलीको अध्यक्षतामा मङ्गलबार बसेको निर्देशक समितिको १८औँ बैठकले सोसम्बन्धी कार्यक्रमको प्रस्ताव तयार पारी आगामी आर्थिक वर्षदेखि महाअभियान शुरु गर्ने निर्णय गरेको हो।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन प्राधिकरणको सहकार्यमा त्यस्तो कार्यक्रमसम्बन्धी प्रस्ताव तयार भइरहेको छ। भूकम्पपछिको पुनःनिर्माण तथा पुनःस्थापनाको कार्य सम्पन्नताको चरणमा पुगेकामा निर्देशक समितिको बैठकले खुशी व्यक्त गरेको छ। प्रधानमन्त्री ओलीले पुनःनिर्माणको सफलता नेपालको गौरव र सम्पत्ति भएको उल्लेख गर्दै यो विश्वलाई देखाउन लायक भएको बताउनुभयो।

बैठकले विपद् व्यवस्थापनको दीर्घकालीन कार्यअन्तर्गत प्राचीन बस्ती, विश्व सम्पदा क्षेत्रसहित समग्र शहरी क्षेत्र खासगरी काठमाडौँ उपत्यकाको पुनःनिर्माण तथा पुनःस्थापनाको कामलाई समेत ध्यानमा राखी शहरी क्षेत्रको दीर्घकालीन पुनःनिर्माण कार्यक्रमको प्रस्ताव तयार पारी आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममार्फत अघि बढाउने निर्णय पनि गरेको छ।

प्राधिकरणले उक्त कार्यक्रमअन्तर्गत भूकम्पबाट क्षति भएका संरचनाको पुनःनिर्माण र भविष्यमा भूकम्पबाट क्षति हुनसक्ने निजी आवास, सार्वजनिक संरचना, सम्पदा एवं पूर्वाधारलाई एकीकृत ढङ्गले हेरी पुनःनिर्माण र पुनःस्थापनाको कार्य अगाडि बढाउन मिल्ने गरी कार्यक्रमको खाका तयार गरिरहेको छ।

प्रधानमन्त्री ओलीले जनसहमति एवं जनसहभागितालाई मूल सिद्धान्त बनाई आवश्यकतानुसार 'हाउस पुलिङ'लगायतका विधिको अवलम्बन गरी शहरी पुनःनिर्माणका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बस्तीको प्राचीनता, मौलिकता र सांस्कृतिक पक्षलाई जोगाउँदै ती संरचनालाई भूकम्प प्रतिरोधी बनाउन ध्यान दिनुपर्ने पनि उल्लेख गर्नुभयो।

निर्देशक समितिको बैठकले पुनःनिर्माण प्राधिकरणको अवधि २०७८ पुस १० गतेसम्म रहेकामा चालु आर्थिक वर्षमा मूलभूत कामहरू सम्पन्न गर्ने र साउन १ गतेदेखि बाँकी अवधिमा हस्तान्तरणलगायतका कार्यका लागि हस्तान्तरण गर्ने निकाय, योजना तथा कार्यक्रम र वित्तीय व्यवस्थापनको खाकासमेत स्वीकृत गरेको छ।

सोहीअनुसार आगामी आर्थिक वर्षका लागि रु ३६ अर्ब ३५ करोड ३८ लाखको बजेटका लागि नेपाल सरकारसमक्ष प्रस्ताव पेश गर्ने निर्णय पनि गरेको छ। निर्देशक समितिका उपाध्यक्ष प्रमुख प्रतिपक्षी दलका नेता रहने व्यवस्था भएअनुरुप निजको प्रतिनिधित्व गर्दै बैठकमा उपस्थित नेपाली कांग्रेसका नेता एवं संसदीय दलका प्रमुख सचेतक बालकृष्ण खाँडले पुनःनिर्माण तथा पुनःस्थापनाका कार्यमा प्राधिकरणले गरेको प्रगतिप्रति सन्तोष व्यक्त गर्दै बाँकी रहेका कार्य यथाशीघ्र सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो।

बैठकले परराष्ट्र मन्त्रालयको समन्वयमा 'सगरमाथा संवाद'को समयलाई समेत ध्यानमा राखी सन् २०२१ को नोभेम्बरको अन्तिम साता वा डिसेम्बरको पहिलो साता नेपालको पुनःनिर्माणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गर्ने निर्णय पनि गरेको छ।

# राष्ट्रपतिबाट थप महानुभावलाई मानपदवी, अलङ्कार र पदकबाट सुशोभन

काठमाडौँ, १ वैशाख (रासस)।
राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका महानुभावलाई बुधबार विभिन्न मानपदवी, अलङ्कार र पदकबाट सुशोभन गर्नुभएको छ। राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा मानपदवी, अलङ्कार र पदक गत चैत २७ गते वितरण गर्न बाँकी रहेका महानुभावलाई बुधबार प्रदान गरिएको हो। नेपालको संविधानको धारा २७७ को उपधारा १ बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा विभूषण प्रदान गरिँदै आएको छ। विभूषित हुनेहरुको नाम यसअघि सार्वजनिक भइसकेको छ।

विसं २०७७ असोज ३ गते राष्ट्रिय दिवस तथा संविधान दिवसका अवसरमा उक्त वर्षको विभूषण घोषणा गरिएको थियो। विभूषण समितिको सिफारिसमा मानपदवीतर्फ महाउज्जवल राष्ट्रदीप प्रथम श्रेणीबाट दुई, सुप्रसिद्ध प्रबल जनसेवाश्री प्रथम श्रेणीबाट सात, उज्जल कीर्तिमय राष्ट्रदीप द्वितीय श्रेणीबाट एक, प्रसिद्ध जनसेवाश्री द्वितीय श्रेणीबाट एक, सुकीर्तिमय राष्ट्रदीप तृतीय श्रेणीबाट नौ, सुप्रबल जनसेवाश्री तृतीयबाट ११२, कीर्तिमय राष्ट्रदीप चतुर्थ श्रेणीबाट आठ, प्रबल जनसेवाश्री चतुर्थबाट २००, जनसेवाश्री प्रथमबाट ११०, अलङ्कारतर्फ १५५ र पदकतर्फ २८ गरी ६३३ लाई विभूषित गरिने घोषणा भएको थियो। विसं. २०७६ मा ४५० लाई विभूषण दिइने घोषणा भएकामा कोभिड १९ को प्रभावका कारण सो वर्ष समारोह गरिएको थिएन।

विभूषण ऐन, २०६४ को दफा ४ बमोजिम उपप्रधानमन्त्री ईश्वर पोखरेलको अध्यक्षतामा गृहमन्त्री रामबहादुर थापा, तोकिएका विज्ञ र गृहसचिव महेश्वर न्यौपाने सदस्यसचिव रहेको विभूषण समितिको बैठकले उक्त सिफारिस गरेको हो।

# कोभिड-१९ विरुद्धको लडाइँमा सकारात्मक सहयोग आवश्यक : उपप्रधानमन्त्री

काठमाडौँ, १ वैशाख (रासस)।
उपप्रधानमन्त्री ईश्वर पोखरेलले कोभिड-१९ को जोखिम बढेकाले यसविरुद्धको लडाइँमा सकारात्मक सहयोगको अपेक्षा गर्नुभएको छ। नयाँ वर्ष २०७८ को अवसरमा बुधबार शुभकामना सन्देश दिँदै उहाँले कोभिड-१९ सङ्क्रमणको जोखिम कायमै रहेकाले घरमै बसेर परिवारसँग नयाँ वर्ष मनाउन पनि आग्रह गर्नुभएको छ।

"सिङ्गो मानवजगत् यतिबेला कोभिड-१९ सँग जुधिरहेको छ। नेपाल सरकारले पनि कोभिड-१९ विरूद्धको लडाइँमा हरसम्भव प्रयास र रोकथामका लागि रणनीति अपनाइरहेको यहाँहरूलाई विदितै छ। यो लडाइँमा सम्पूर्ण देशवासीको सकारात्मक सहयोगको अपेक्षा नेपाल सरकारले गरेको छ", उपप्रधानमन्त्री पोखरेलले सन्देशमा भन्नुभएको छ, "कोभिड-१९ को सङ्क्रमणको जोखिम कायमै रहेको अवस्थालाई मध्यनजर गरी प्रत्येक व्यक्ति, नागरिक समाज, समुदाय सबैले 'आफू बाँचौँ र अरूलाई बचाऔँ' भन्ने भावनाका साथ स्वास्थ्यसम्बन्धी तोकिएका मापदण्डहरू कडाइका साथ पालना गरी-गराई एकजुट भई कोभिड-१९ विरुद्धको राष्ट्रिय अभियानमा सबैको सदाभैँ सहयोग र स्वास्थ्य मापदण्डको परिपालनाको जरूरत रहेकाले घरमै बसेर परिवारसँग नयाँ वर्ष मनाउनुहुन अनुरोध गर्दछु।"

उपप्रधानमन्त्री पोखरेलले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षालाई साकार पार्न एकताबद्ध हुन सम्पूर्ण नेपालीलाई नयाँ वर्षले थप प्रेरणा प्रदान गरोस् भन्ने कामना पनि गर्नुभएको छ।

# नागरिकता लिनासाथ मतदाता नामावलीमा नाम दर्ता गराउनुस् : आयोग

काठमाडौँ, १ वैशाख (रासस)।
निर्वाचन आयोगले नेपाली नागरिकता प्राप्त गरेर पनि मतदाता नामावलीमा नाम दर्ता गर्न बाँकी व्यक्तिलाई जिल्ला निर्वाचन कार्यालयमा गई फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउन अनुरोध गरेको छ।

नयाँ वर्ष २०७८ का अवसरमा समस्त मतदातामा शुभकामना व्यक्त गर्दै आयोगले नागरिकता प्राप्त गर्नासाथ निर्वाचन कार्यालयमा गई फोटोसहितको मतदाता नामावलीमा समेत नाम दर्ता गराउन आयोगले आग्रह गरेको हो।

आयोगले नागरिकता प्राप्त गरिसकेर पनि मतदाता नामावलीमा नाम समावेश नभएका नागरिकलाई नाम दर्ता गर्न उत्प्रेरित र सहजीकरण गर्न स्थानीय तहको ध्यानाकर्षण गराएको छ। जिल्ला निर्वाचन कार्यालयबाट फोटोसहितको मतदाता नामावलीका लागि निरन्तर रुपमा नाम दर्ता

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### अफगानिस्तानबाट सबै अमेरिकी सेना सेप्टेम्बर ११ भित्र फिर्ता गर्ने बाइडेनको तयारी

वासिङ्टन, १ वैशाख (रासस/एएफपी)।
अमेरिकी राष्ट्रपति जो बाइडेनले युद्धग्रस्त मुलुक अफगानिस्तानबाट आगामी सेप्टेम्बर ११ भित्र सबै अमेरिकी सेना फिर्ता गर्ने तयारी गर्नु भएको उहाँ निकट अमेरिकी अधिकारीले बताएका छन्। अमेरिकी इतिहासमै अमेरिकी फौज कुनै मुलुकमा झण्डै २० वर्ष लडेको यो पहिलो घटना हो। कतिपयले अमेरिकी सेनाको अफगानिस्तानबाट फिर्ती भएसँगै तालिबानको विजयका रुपमा लिएका छन्।

अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले तालिवानी समूहसँग गरेको सम्झौता पश्चात् अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता हुन थालेको थियो। झण्डै १२ हजार सैनिकमध्ये हाल अफगानिस्तानमा करिब दुई हजार ५०० जना मात्र रहेका छन्।

अमेरिकी राष्ट्रपतिमा जो बाइडेन निर्वाचित भएपछि अमेरिकी सेनाको फिर्ती के हुने भन्नेमा अन्यौल भएपछि पाँच महिनायता अमेरिकी सेना फिर्ता हुनेक्रम रोकिएको छ। झण्डै ४० वर्षदेखि युद्धमा रहेको अफगानिस्तानमा शान्ति ल्याउने प्रयास स्वरुप टर्कीले सर्वपक्षीय अन्तरराष्ट्रिय शान्ति सम्मेलन गर्ने घोषणा गर्नासँगै सेना फिर्तीबारे अमेरिकी अधिकारीको यस्तो भनाइ सार्वजनिक भएको हो। यद्यपी तालिबान समूहले उक्त सम्मेलन बहिस्कार गर्ने बताएका छन्।

अफगानिस्तानबाट अमेरिकी फिर्तीको घोषणा भने राष्ट्रपति बाइडेनले बुधबार गर्नु हुनेछ। यद्यपि अमेरिकाले अल-कायदा वा इस्लामिक स्टेट अतिवादी समूहसमेतका कतिपय परिस्थितिको सामना गर्न सानो संख्यामा सेना राख्ने बारेमा केही समयदेखि विचारविमर्श गरिरहेको थियो।

अन्त्यमा, राष्ट्रपति बाइडेनले अन्य विकल्पमाथि छलफल गरे पनि अन्ततः सम्पूर्ण सैनिक फिर्ता गर्ने निष्कर्षमा पुग्नुभएको एक जना वरिष्ट अमेरिकी अधिकारीले बताएका छन्। आफ्नो नाम नबताउने शर्तमा ती अधिकारीले पत्रकारसँग कुरा गर्दै शर्तसहित अमेरिकी सेना तैनाथ रहने भन्नुको अर्थ अफगानिस्तानमा अमेरिकी सेना अनन्तकाल रहने भन्ने देखिएकाले राष्ट्रपति बाइडेनले हाल सम्पूर्ण सेना फिर्ता गर्नु उपयुक्त हुने निष्कर्षमा पुग्नु भएको जानकारी दिनुभयो।

ट्रम्प प्रशासनले फेब्रुअरी २०२० मा तालिबानसँग गरेको सम्झौतामा सम्पूर्ण अमेरिकी फौज मे २०२१ भित्र स्वदेश फर्कने उल्लेख छ। तर यसको बदलामा तालिबानले अल-कायदा र अन्य विदेशी आतङ्कवादी समूहलाई समर्थन गर्न नहुने रहेको छ। सन् २००१ मा अमेरिकी सेना अफगानिस्तानमा प्रवेश गर्नुको मुख्य कारण पनि अल-कायदालाई तालिबानको समर्थन प्रमुख विषय थियो।

बाइडेनका ती अधिकारीले सेना फिर्तीको कार्यक्रम आगामी मे महिनाबाट शुरु हुने जानकारी दिनुभयो। उहाँले अफगानिस्तान छाड्न लागेका गठबन्धन मुलुकका सेनामाथि लक्ष गरी आक्रमण नगर्न पनि उहाँले चेतावनी दिनुभयो।

**विश्वस्त तालिबान**

विदेशी सेनाले अफगानिस्तान छाडे पनि लडाइँ जारी रहने सम्भावना छ। राष्ट्रिय गुप्तचर निकायका प्रमुखले मङ्गलबार सार्वजनिक गरेको मूल्याङ्कन प्रतिवेदनमा तालिबान समूह आफूले सैन्य विजय हासिल गर्नेमा विश्वस्त देखिएको उल्लेख छ।

धेरै वटा शहरमा नियन्त्रण कायम गरिरहेका अफगानी सेनाले आफूले पुनःकब्जामा लिएका नयाँ क्षेत्र वा सन् २०२० मा छाडेका क्षेत्रलाई आफ्नो नियन्त्रणमा राखिरहन सङ्घर्ष गर्नु परेको प्रतिवेदनमा छ।

अफगानी नागरिकले युद्धबाट ठूलै क्षति व्यहोर्नु परेको छ र खासगरी अफगान महिलामा तालिबानको सक्रियता र उदयले थप त्रास उत्पन्न गराएको छ। सुन्नी इस्लामको बहुसंख्या रहेको तालिबान समूहले सन् १९९६-२००१ मा आफू सत्तामा रहँदा महिलालाई विद्यालय, कार्यालय, सङ्गीत र दैनिक जीवनका धेरै काममा निषेध गरेका थिए। दुई दशकपछि स्कूले विद्यार्थीमध्ये हाल झण्डै ४० प्रतिशत छात्रा छन्।

संयुक्तराज्य अमेरिकाले महिला अधिकार र बालिका शिक्षालाई प्रवर्द्धन गर्न गैरसैनिक साधनको प्रयोगलाई बढावा दिने नीति लिने अमेरिकी अधिकारीको भनाइ छ।

तालिबान र अफगान सरकारबीच भइरहेका वार्तामा महिलाको सहभागितालाई लगभग निषेध गरिएको छ। महिला अधिकारवादीले अफगानी नेताहरुको यस्तो रवैयाले निकै सङ्घर्षका साथ प्राप्त अधिकार कुण्ठित हुने खतरा औँल्याएका छन्।

तालिबान समूहलाई परास्त गर्न भन्दै एक दशकअघि अफगानिस्तानमा अमेरिकी सेनाको संख्या एक लाखको हाराहारीमा थियो। तर पूर्वराष्ट्रपति ट्रम्पको कार्यकालमा यो संख्या दुई हजार ५०० मा आइपुगेको छ।

### नाइजरको विद्यालयमा भिषण आगलागी, २० बालबालिकाको मृत्यु

नियामे, १ वैशाख (रासस/एएफपी)।
अफ्रिकी मुलुक नाइजरको राजधानी नियामेस्थित एक विद्यालयमा मङ्गलबार लागेको भिषण आगलागीमा परेर झण्डै २० जना बालबालिकाको मृत्यु भएको छ।

अग्नि नियन्त्रकका अनुसार परालले छाएको विद्यालयका २१ वटा कक्षाकोठामा क्षति पुगेको छ। झण्डै २० जना बालबालिका तिनै कक्षाकोठामा थुनिएर आगोको चपेटामा परेका थिए।

अग्नि नियन्त्रण विभागका कमाण्डर सिडी मोहमदले उद्धारकर्ताले आगो तत्काले नियन्त्रणमा ल्याएको बताउनुभयो। तर आगो निकै भयानक रहेकाले सबै बालबालिकालाई बचाउन सकिएन, उनीहरु भाग्न पनि सकेनन्, उहाँले भन्नुभयो। आगलागी शुरु हुँदा बालबालिका आआफ्ना कक्षाकोठामा पढिरहेका प्रत्यक्षदर्शीले बताएका छन्। यद्यपी, आगलागीको खास कारण थाहा हुनसकेको छैन।

प्रधानमन्त्री ओहोउमोन्डोउ मोहमदुले तत्कालै घटनास्थलको निरीक्षण गर्नु भएको थियो। विश्व मानव विकास सूचकाँकमा नाइजर सबैभन्दा गरिब मुलुकमा पर्दछ। साहेल क्षेत्रको यस मुलुकमा अधिकारीले परालले छाएका धेरै विद्यालय बनाएका छन् जहाँ बालबालिका प्रायःभुँईमा बसेर पढ्ने गर्दछन्। यी विद्यालयमा आगलागीका घटना भइरहन्छन्, तर यति भयानक आगलागी यसअघि भएको थिएन।

# नवनिर्वाचित पत्रकार मण्डल र तामाङ सम्मानित



**दैनिक समाचारदाता राजविराज, १ बैशाख ।**

नेपाल पत्रकार महासंघ सप्तरीका नवनिर्बाचित प्रदेश परिषद सदस्य बृजमान तामाङ र कार्य समिती सप्तरी सदस्य कृष्णकुमार मण्डल सम्मानित भएका छन् ।

नयाँ वर्षको अवसरमा नेपाल आदिबासी जनजाति पत्रकार महासंघ सप्तरीद्वारा बुधबार राजबिराजमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा पत्रकारद्वय तामाङ र मण्डललाई सम्मान गरिएको हो ।

नेपाल आदिबासी जनजाति पत्रकार महासंघ सप्तरीका अध्यक्ष प्रिया सिंह थारुको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि अग्निसाईर कृष्णासवरन गाउँपालिकाका अध्यक्ष पर्शुराम चौधरीले गम्छा, टीका र माला लगाएर प्रदेश परिषद सदस्य तामाङ र कार्यसमिति सदस्यमा निर्वाचित मण्डललाई सम्मान गरे । └

यसैगरी सोही कार्यक्रममा आदिबासी जनजाति पत्रकार र आदिबासी जनजातिको समस्य र मुद्वा उठानमा योगदान दिएका नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष खड्गा र नवनिर्वाचित अध्यक्ष देवलाई अध्यक्ष थारुले माला, टीका र गम्छा ओढाएर सम्मान गरे ।

सम्मानित हुने तामाङ नेपाल आदिबासी जनजाती पत्रकार महासंघ प्रदेश २ का सचिब हुन साथै पुर्व जिल्ला अध्यक्ष र हाल सल्लाहकारमा छ्न । यस्तै मण्डल आदिबासी जनजाति पत्रकार महासंघ सप्तरीका उपाध्यक्ष हुन ।

## *नागरिकता लिनासाथ ...*

भइरहेको जनाउँदै आयोगले राजनीतिक दललाई आफ्ना जिल्ला र स्थानीय सङ्गठनलाई त्यसबारे प्रचारप्रसार गरी सहयोग र सहजीकरण गर्ने व्यवस्था मिलाइदिन आग्रह गरेको छ ।

मतदाता नामावली ऐन २०७३ ले तोकिएको योग्यता पूरा भएका नागरिकको नाम र फोटोसहितको मतदाता नामावलीमा दर्ता गर्ने व्यवस्था मिलाउन आयोगलाई जिम्मेवारी दिएको छ । मुलुकका ७७ वटै जिल्ला निर्वाचन कार्यालयबाट फोटोसहितको मतदाता नामावलीमा नाम सङ्कलन गर्ने कार्य निरन्तर रुपमा गर्ने व्यवस्था मिलाएको आयोगले जनाएको छ ।

स्थानीय तहको वडाको मतदाता नामावलीमा नाम दर्ता गराउनु नेपाली नागरिकताको प्रमाण प्राप्त गरेका हरेक व्यक्तिको कर्तव्य रहेको आयोगको भनाइ छ । मतदान गर्न योग्यता पूरा भएका कोही पनि व्यक्ति मतदानबाट वञ्चित नहुन् भन्ने आयोगको अभिप्राय छ । मतदानका लागि मतदाता नामावलीमा नाम समावेश हुनुपर्ने अनिवार्य पूर्वशर्त रहेको जनाउँदै आयोगले मतदाता नामावलीमा समयमै नाम दर्ता गराउन सबै नागरिकसँग अपिल गरेको छ ।

# पाराभेटेरिनरी लाईफस्टक एशोसिएशनको अध्यक्षमा पाण्डे निर्विरोध चयन




**दैनिक समाचारदाता राजविराज, १ बैशाख ।**

नेपाल पाराभेटेरिनरी एण्ड लाईफस्टक एशोसिएशनको १० औ जिल्ला अधिवेशनबाट पाण्डे कुमार मेहताको अध्यक्षतामा जिल्ला कार्यसमिति गठन गरिएको छ ।

गत सोमवार सम्पन्न अधिवेशनको बन्द सत्रवाट मेहताको अध्यक्षतामा १२ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतिबाट चयन गरिएको हो ।

गठित समितिको उपाध्यक्षमा यशोधर यादब, सचिवमा शिव नारायण बिराजी, सहसचिव धनजित कुमार खडगा र कोषाध्यक्ष संतोष कुमार चौधरी रहेका छन् ।

यसैगरी सदस्यहरूमा गौतम कुमार चौधरी, प्रमान्नद यादब, प्रमोद साह, श्याम यादब, बिजय कुमार यादब, डिल्लु खडगा र मोहम्मद अनासुरूल चयन गरिएको प्रदेश संयोजक प्रमेश्वर यादबले जानकारी दिएका छन ।

नव निर्वाचित पाण्डे कुमार मेहताले भने किसान सुरक्षित भए भने पेशा सुरक्षित हुने भएकोले किसानको समस्यालाई पहिलो प्राथमिकता राखेर पशु धनको सुरक्षित गर्नु पर्ने बताए ।

उनले किसानलाई सहुलियत दरमा श्रृण उपलब्ध, कृषी, पशुको बिमा, एक गाउँ एक प्राबिधिक, सरकारी अनुदान तथा सरकारी संयन्त्रण किसानको पहुच बढाई किसानको पेशालाई सुरक्षित बनाउने उद्देश्य रहेको बताए ।

## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*